# माङसेबुङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय इभाङ्ग, इलाम
१ न. प्रदेश, नेपाल

## ढुंगा, गिटी, बालुवा, स्लेट माटो बिकी सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(पहिलो पटक प्रकाशित मिति २०७६।७।१ गते)

स्थानीय सरकार संचालन ऐन २०७४ मा गाउँपालिकाले आफनो क्षेत्र भित्र आन्तारिक आय संकलन गर्ने सक्ने प्रावधान भए बमोजिम यस माङसेबुङ गाउँपालिकाद्धारा आ ब ०७६।७७ का लागि आन्तरीक आय संकलन गरी उठाउने प्रयोजनका लागि आन्तरीक आयको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले तपशील बमोजिम उल्लेखित न्यूनतम ठेक्का अंकमा नघटने गरी इच्छुक फर्म वा कम्पनीहरुबाट फर्म दर्ता प्रमाण पत्र, ०७६।७७ को नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र तथा आ.व.०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरी निम्न बमोजिमको रित पुऱ्याई उल्लेखित समयावधि भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि सुचना प्रकाशित गरिन्छ।

| आय संकेत नं. | ठेक्काको किसिम | ठेक्का लाग्ने स्थान | ठेक्काको न्यूनतम अंक | शिलबन्दी दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| आय ३।०७६।०७७ | ढुंगा गिटी, बालुवा, स्लेट माटो बिक्री | देउमाई फाकफोक खोला अन्तर्गत दोभान र गजुरमुखिधाम आसपास तथा फेवा र लम्फेवा खोला। | ५०००००।०० (पाँच लाख) | १०००।० (एक हजार) |

१। **ठेक्काको अवधि :-** सम्झौता भएको मितिबाट २०७७ जेष्ठ मसान्त सम्म।

२। **दरभाउ पत्र फाराम खरिद गर्ने मिति, समय र स्थान :-** सुचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र माङसेबुङ गाँउपालिकाको नाममा सिटिजन्स् बैंक इन्टरनेशनल लि. माङसेबुङ शाखामा रहेको संचित कोष खाता 0690100000026201मा रु. १०००।० (पछि फिर्ता नहुने) जम्मा गरेको सक्कल भौचर संलग्न राखी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। यस कार्यालयबाट प्रमाणित नभएको दरभाउपत्र फारामलाई मान्यता दिइने छैन।

३। एक फर्म वा संस्थाको नाममा ठेक्काको एक वटा मात्र दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

४। **दरभाउपत्र फाराम दाखिला गर्ने मिति, समय र स्थान :-** सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरी सक्नु पर्नेछ।

५। **दरभाउपत्र खोल्ने मिति, समय र स्थान :-** दाखिला हुन आएका दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १:०० बजे यस कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाताका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।

६। **दरभाउपत्रका साथ संलग्न गर्नुपर्ने धरौटी र खाता नं. :-** दरभाउपत्र साथ दरभाउपत्रदाताले कबुल गरेको अंकको ५% प्रतिशत (नेपाली नागरिकको हकमा) र विदेशी नागरिकको हकमा कबुल गरेको अंकको १०% प्रतिशतले हुन आउने रकम यस माङसेबुङ गाँउपालिकाको नाममा सिटिजन्स् बैंक इन्टरनेशनल लि. माङसेबुङ शाखामा रहेको धरौटी खाता नं. 0690100000029201 मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको जमानत पत्र (बिडबण्ड) शिलबन्दी बोलपत्रसाथ संलग्न राखी पेश गर्नु पर्नेछ

७। **धरौटी जफत हुने :-** ठेक्का स्वीकृत भएपछि सूचना पाएको वा घर दैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिनभित्र ठेक्कापट्टा सम्झौता गर्न नआएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा राखिएको धरौटी रकम जफत गरिनेछ र दोश्रो दरभाउपत्रदाताको बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा पुन: दरभाउपत्र आव्हान गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

८। **कबोल रकम दाखिला सम्बन्धी व्यवस्था :-** स्वीकृत बोलपत्रदाताले कबोल बमोजिमको बार्षिक ठेक्का रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट दिन सकिनेछ। स्वीकृत बोलपत्रदाताले किस्ताबन्दिमा रकम बुझाउन चाहेमा कबोल अंकको ४० (चालीस) प्रतिशतले हुन आउने रकम पहिलो किस्ता वापत स्थानीय सञ्चित कोष खातामा जम्मा गरे पछि मात्र सम्झौता गरनिछ। दोस्रो किस्ता कबोल अंकको ३० प्रतिशतले हुने रकम माघ मसान्तभित्र र अन्तिम किस्ता कबोल अंकको ३० प्रतिशतले हुने रकम चैत्र मसान्तभित्र कार्यालयमा जम्मा गरी सक्नु पर्नेछ।

९। **मूल्यनिर्धारण :-** ठेक्काहरुमा ठेकेदारले उठाउन पाउने मूल्य (दररेट) सम्बन्धित दरभाउपत्रमा नै समावेश गरिएको छ।

१०। बोलपत्रमा अंक र अक्षरमा कबोल अंक बेग्ला बेग्लै स्पष्ट रुपमा लेख्नु पर्नेछ। केरमेट वा नबुझिने भएमा अक्षरलाई मान्यता दिइनेछ।

११। उपर्युक्त अवस्थामाबाहेक ठेकेदारले क्षतिपूर्ति वामिनाहाइत्यादी कार्यालयसँगमागगर्न पाउनेछैन।

१२। ठेक्का चलन गर्दा कुनै पनि किसिमको बाधा अड्चनआई परेमा ऐन नियम तथा सम्झौताको परिधीभित्र रही कार्यान्वयन गर्नु गराउनु पर्नेछ साथै कार्यालय र ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा गाँउपालिकाको निर्णय अन्तिम हुनेछ र सो लाई ठेकेदारले मान्नु पर्नेछ।

१३। **रसिदको व्यवस्था :-** ठेक्का चलन गर्दा यस कार्यालयले तोके बमोजिमको रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाँप र रसिद नम्बर दाखिला गरी मात्र कर दस्तुर उठाउँदा प्रयोगमा ल्याउनु पर्नेछ।

१४। **अधिकार :-** कारण जनाई वा नजनाई ठेक्का स्विकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ। दरभाउपत्र दादिला गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन साथै हुलाक सेवा, कुरियर सेवा वा विद्युतीय संचार माध्यमबाट पठाइएको दरभाउपत्र स्वीकार्य हुनेछैन।

१५। यसमा नपरेका अन्य बिषयहरु प्रचलित कानूनमा उल्लेख गरिए बमोजिम हुनेछ।

१६। **अन्य जानकारी :-** कार्यालयमा टाँस भएको सूचना वा कार्यालयको वेव साइट www.mansebungmun.gov.np बाट थप जानकारी प्राप्त गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत